# गेरुवा गाउँपालिका
# २०७४

## दशौं कार्यपालिका बैठक
### २२ कार्तिक, २०७४

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँ कार्यपालिका कार्यालय |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल कात्तिक २२ गतेका दिन गेरुवा गाउँ पालिकाका अध्यक्ष श्री जमान सिंह के.सी.ज्यूको अध्यक्षतामा कार्य पालिकाको दशौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | कार्यकारी अधिकृत | सदस्य सचिव |

**आमन्त्रित**

**समितिहरुबाट**

श्री याम बहादुर थापा
श्री महेन्द्र चौधरी
श्री मीन बहादुर साउद

**कर्मचारीहरुबाट**

श्री ठाकुरप्रसाद चौधरी
श्री तुल्सीराम श्रेष्ठ
श्री कुन्नारायण चौधरी
श्री चित्र प्रसाद उपाध्याय
श्री प्रेमबहादुर जि.सी.
श्री भूमिराज घिमिरे
श्री भागीराम चौधरी

**बिषयगत कार्यालय/शाखाहरुबाट**

| | | |
|---|---|---|
| १ | दिल बहादुर जि.सी. | शिक्षा |
| २ | नारायण प्रसाद भण्डारी | स्वास्थ्य |
| ३ | विश्वरुप जोशी | कृषि |
| ४ | पंकज रायमाझी | आयुर्वेद |

**प्रस्तावहरु**

**१ ग्रामिण बिद्युतिकरण कार्यक्रम कार्यान्वयन गर्ने समिति गठन र प्रारम्भिक ईष्टिमेट तयार गरी पेश गर्ने सम्बन्धमा**
**२ विद्युतिय तारवार निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत गर्ने र सो को लागि विनियोजित रकम निर्माण समितिहरुलाई हस्तान्तरण गर्ने सम्बन्धमा**
**३ शिक्षामा स्तरोन्नती कार्यक्रम कार्यान्वयन कार्य योजना निर्माण तथा स्वीकृत गर्ने सम्बन्धमा**
**५ बिबिध**

**प्रस्ताव नं.१ ग्रामिण बिद्युतिकरण कार्यक्रम कार्यान्वयन गर्ने समिति गठन र प्रारम्भिक ईष्टिमेट तयार गरी पेश गर्ने सम्बन्धमा**

प्रस्ताव नं. १ माथी छलफल गर्दा वडानं. १ देखी वडानं. ६ सम्मका छ वटै वडाहरुका वस्तिहरुलाई उज्यालो गाउँ/वस्ति घोषणा गर्नका लागि सम्बोधन गरिएको कार्यक्रमका लागि विनियोजित बजेट परिचालन गर्नका लागि देहाय वमोजिमको समिति गर्ने र सो समितिले बत्ति नवलेका घरहरुमा बत्ति बाल्न लाग्ने र बत्ति बलेको तर पावर कम भएका स्थानहरुमा स्तर बृद्धि गर्न आबश्यक स्थानहरुको पहिचान र आबश्यक पर्ने प्रविधि तथा सामग्रिहरु उल्लेख गरी प्रारम्भिक स्टिमेट सहितको कार्यक्रम कार्यान्वयन कार्यविधि प्रस्ताव तयार गरी २०७४/८/७ गतेको नियमित बोर्ड बैठकमा पेश गर्ने गरी तोक्ने निर्णय गरियो ।

**समिति**

| | | |
|---|---|---|
| १ | सम्बन्धित वडा अध्यक्ष | संयोजक |
| २ | क्लष्टर सदस्य | सदस्य |
| ३ | प्राविधिक | ,, |
| ४ | वडा सचिव | सदस्य सचिव |

**निर्णय नं.२ विद्युतिय तारवार निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत गर्ने, निर्माण समिति गठन गर्ने र सो को लागि विनियोजित रकम निर्माण समितिहरुलाई हस्तान्तरण गर्ने सम्बन्धमा**

प्रस्ताव नं. २ माथी छलफल गर्दा मिति २०७४/७/१० गतेका दिन बसेको संयुक्त बैठकको निर्णयबाट गठीत समितिले तयार पारी पेश गरेको बिद्युतीय तारबार कार्यक्रम कार्यान्वयन कार्यविधि नियमावली, २०७४ लाई परिमार्जन सहित स्वीकृत गर्ने र देहाय वमोजिमको निर्माण समिति गठन गर्ने साथै सो नियमावलीको परिधिमा रहि कार्यक्रम सम्पादन गर्न गठित निर्माण समिति संग सम्झौता गरी समितिको बैंक खातामा विनियोजित रकम रु.६०,००,०००।- हस्तान्तरण गर्ने निर्णय गरियो ।

**बिद्युतीय तारवार निर्माण समिति**

| | | | | |
|---|---|---|---|---|
| १ | श्री महेन्द्र चौधरी | | | अध्यक्ष |
| २ | श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | सदस्य |
| ३ | श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| ४ | श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| ५ | श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| ६ | श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| ७ | श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| ८ | श्री याम बहादुर थापा | - | अध्यक्ष, उपभोक्ता समिति | ,, |
| ९ | श्री महेन्द्र चौधरी | - | अध्यक्ष, उपभोक्ता समिति | ,, |
| १० | श्री मीन बहादुर साउद | - | अध्यक्ष, उपभोक्ता समिति | ,, |
| ११ | श्री मोवीला पौडेल | - | महिला सदस्य | ,, |
| १२ | श्री हर्ष बहादुर सिंह | - | रेन्जर, बन्जरीया पोष्ट | सदस्य-सचिव |

**निर्णय नं.३ शैक्षिक गुणस्तर बृद्धि कार्यक्रम कार्यान्वयन सम्बन्धमा**

सम्बन्धित बिद्यालयहरुको माग र मिति २०७४/७/७ को नवौं बोर्ड बैठकबाट गठित समितिको प्रस्तावबाट खुल्न आएको आधारमा बिद्यालयको कक्षा संख्या, बिद्यार्थी संख्या, प्रति शिक्षक कक्षा संख्या र परिणाम अनुपात अन्तरलाई मापदण्ड बनाई विभाजन गरी शिक्षामा शैक्षिक गुणस्तर बृद्धि गर्ने कार्यक्रमका लागि विनियोजित बजेट रु.४०,००,०००।- को कार्यक्रम कार्यान्वयन कार्ययोजना निर्माण गरी शैक्षिक गुलस्तर बृद्धि गर्ने कार्यमा खर्च गर्ने गरी प्रस्तावीत सवै  बिद्यालयहरुलाई रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ कार्यकारी अधिकृतको काज सरुवा बदर गरि दिन पुनः अनुरोध गर्ने सम्बन्धमा**

प्रस्ताव नं.५ माथी छलफल गर्दा २०७४ साल बैशाख देखी कार्यरत यस गेरुवा गाउँपालिकाका कार्यकारी अधिकृत श्री भीम बहादुर खत्रीलाई ६ महिना कार्य अवधि नपुग्दै संघीय मामिला तथा स्थानीय विकाश मन्त्रालयको मिति २०७४/६/४ को निर्णयले यस गाउँ कार्यपालिकाको कार्यकारी अधिकृत पदबाट जिल्ला समन्वय समिति दैलेखको योजना अधिकृत पदमा काज सरुवा गरिएकाले सो निर्णय निर्णय बदर गरी यस गाउँपालिकाको कार्यकारी अधिकृत पदमा नै नियमित कामकाज गर्ने गरी पदस्थापना गरि दिन यस कार्यपालिका बोर्डको आठौं बोर्ड बैठकबाट सर्व सम्मत निर्णयबाट अनुरोध गरि निजलाई नियमित कामकाज लगाईएको व्यहोरो अनुरोध गर्दै हाल सम्म पनि उक्त अनुसार काज सरुवा बदरको पत्र प्राप्त नभएकोले २ बर्ष कार्यअवधि पुगेपछि मात्र सरुवा गरिने ऐन/नियमको प्रावधान, आसन्न संघीय/प्रान्तीय निर्वाचन र यस गाउँपालिकाको आठौं र दशौं वोर्ड बैठकको सर्व सम्मत निर्णय सहितको अनुरोधलाई समेत विचार गरी अविलम्ब काज सरुवा निर्णय बदर गरी गेरुवा गाउँपालिकाको कार्यकारी अधिकृत पदमा नै पदस्थापना गरि दिन संघीय मामिला तथा स्थानीय विकाश मन्त्रालयमा अनुरोध गर्ने र उक्त निर्णय गर्ने सहमति प्रदान गरि दिन निर्वाचन आयोग र सामान्य प्रशासन मन्त्रालयमा समेत अनुरोध गर्ने निर्णय गरियो ।

**५ विविध**

**निर्णय नं. ५** माथी छलफल गर्दा विविध सम्बन्धमा सवै वडाध्यक्षहरुले आ-आफ्नो वडाको माशिक प्रगति प्रस्तुत् गर्ने तयारीका साथ आगामी दशौं बोर्ड बैठक मिति २०७४ साल मंशिर ७ गतेका दिन दिनको २.०० बजे बस्ने निर्णय गरियो ।